# मन्थली नगरपालिकाद्धारा चालु आ.व २०७३/०७४ को दोस्रो चौमासिक सम्म प्रवाहित सार्वजनिक सेवा तथा समग्र विकास निर्माणको प्रभावकारिता विषयक

# सार्वजनिक सुनुवाइ

## संक्षिप्त प्रतिवेदन




**आयोजक**

*मन्थली नगरपालिकाको कार्यालय मन्थली, रामेछाप*

**सहजीकरण तथा प्रतिवेदक**

*मानवअधिकार तथा सामाजिक न्याय संयोजन केन्द्र (हुसोक) मन्थली, रामेछाप*

*अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)*

*फागुन २०७३*

**मन्थली नगरपालिकाद्धारा चालु आ.व २०७३/०७४ को दोस्रो चौमासिक सम्म प्रवाहित सार्वजनिक सेवा तथा समग्र विकास निर्माणको प्रभावकारिता विषयक सार्वजनिक सुनवाई**

संक्षिप्त प्रतिवेदन-२०७३

**मन्थली, रामेछाप**

## १.कार्यक्रमको परिचय

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिन्छ । नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ । स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ ले पनि सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने ब्यवस्था गरेको छ । बहिर्गमन अभिमतको नतिजा सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिएको थियो । मन्थली नगरपालिकाको वडा नं १३, ठेडिखोलामा २०७३ फागुन २३ गते सार्वजनिक सुनुवाई संचालन गरिएको थियो ।

## २. कार्यक्रमको उद्देश्य

मन्थली नगरपालिकाद्धारा चालु आ.व २०७३/०७४ को दोस्रो चौमासिक सम्म प्रवाहित सार्वजनिक सेवा तथा समग्र विकास निर्माणको प्रभावकारिता गाविसमा संचालन गरिएको तथा बहिर्गमन अभिमतको नतिजा सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा समेत छलफल गराउने उद्देश्य आयोजना गरिएको सार्वजनिक सुनुवाईका प्रमुख उद्देश्यहरु निम्न रहेका थिए :

- ❖ मन्थली नगरपालिकाको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।
- ❖ बहिर्गमन अभिमतको नतिजा सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने ।
- ❖ सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।
- ❖ सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
- ❖ न्यूनतम शर्त तथा कार्य सम्पादन मूल्यांकनको सूचक पूरा गर्ने ।

## ३. कार्यक्रमको संक्षिप्त जानकारी

**सार्वजनिक सुनवाई संयोजन गर्ने ब्यक्तिको**

नाम : **उमङ्ग मैनाली**

ठेगाना : सचिव, मानवअधिकार तथा सामाजिक न्याय संयोजन केन्द्र (हुसोक) रामेछाप

सार्वजनिक सुनुवाईको विषय : **मन्थली नगरपालिकाद्धारा चालु आ.व २०७३/०७४ को दोस्रो चौमासिक सम्म प्रवाहित सार्वजनिक सेवा तथा समग्र विकास निर्माणको प्रभावकारिता**

**कार्यक्रम विवरण**
मिति : २३ फागुन २०७३, सोमवार
स्थान : मन्थली न.पा-१३, ठेडिखोला, रामेछाप
समय : विहान १२.३० बजेदेखि ३: ३० बजेसम्म (३ घण्टा)

**कार्यक्रम आयोजक** : जिल्ला विकास समितिको कार्यालय रामेछाप र गाविसको कार्यालय मझुवा
**सहजीकरण तथा समन्वय** :

- मानवअधिकार तथा सामाजिक न्याय संयोजन केन्द्र (हुसोक) रामेछाप
- अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

४. जवाफदेही वक्ताहरु

- मन्थली नगरपालिकाका कार्यकारी अधिकृत **श्री पुरुषोत्तम सापकोटा**
- वडा सचिव वडा नं १३ र १४ का **श्री श्याम किशोर शाह**
- पून निर्माण प्राधिकरणका इन्जिनीयर **श्री ज्ञान प्रसाद उपाध्याय**

५.स्रोत व्यक्तिहरु

- नेपाली काँग्रेस नगर कार्यसमिति मन्थलीका सभापति **श्री केशव रोका**
- नेकपा एमाले नगर कमिटि मन्थलीका अध्यक्ष **श्री ध्रुब कुमार कार्की**
- नेकपा माओवादी केन्द्र नगर संगठन समिति मन्थलीका संयोजक **श्री दिपकराज प्रसाई**
- राप्रपा नगर कार्य समिति मन्थलीका प्रतिनिधि **श्रीबंश शर्मा कँडेल**
- नेकपा क्रान्तिकारी माओवादी नगर संगठन समिति मन्थलीका सदस्य **श्री छत्र बहादुर ढुंगेल**
- नयाँ शक्ति नेपाल नगर संगठन समिति मन्थलीका प्रतिनिधि **श्री ललित गाले**

६.अतिथि

- नेपाल पत्रकार महासंघ जिल्ला शाखा रामेछापका अध्यक्ष **श्री रमेश ढुंगेल**
- अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का जिल्ला प्रतिनिधि **श्री नबराज पथिक**
- मन्थली नगरपालिकाका प्राविधिक **श्री फणिन्द्र वि.क**

**७. कार्यक्रमको उपस्थित विवरण**

| दलित | | जनजाति | | ब्राम्हण ,क्षेत्री,नेवार | | कूल | | |
|---|---|---|---|---|---|---|---|---|
| *महिला* | *पुरुष* | *महिला* | *पुरुष* | *महिला* | *पुरुष* | *महिला* | *पुरुष* | *जम्मा* |
| ०५ | १० | ३३ | ४६ | १६ | ४९ | ५५ | १०५ | १६० |

**(सहभागीहरुको विस्तृत विवरण अनुसुचीमा राखिएको छ। )**

**८. संचालन प्रक्रिया**

*प्रारम्भिक चरण*

(क) **समन्वयात्मक बैठक**
मन्थली नगरपालिकाको चालु आ.व २०७३/०७४ को दोस्रो चौमासिक सम्म प्रवाहित सार्वजनिक सेवा तथा समग्र विकास निर्माणको प्रभावकारिता विषयक सार्वजनिक सुनुवाईको लागि नगरपालिकाका कार्यकारी प्रमुख श्री पुरुषोत्तम सापकोटासँग हुसोकका अध्यक्ष तथा सचिवको समन्वयात्मक छलफल पश्चात् सार्वजनिक सुनुवाई गर्ने

सहमती भएको थियो । नगरपालिकाको कार्यालयको तर्फबाट प्रस्ताव पत्र सहित आउन अनुरोध गरेपश्चात् २०७३ फागुन २३ गते सार्वजनिक सुनवाई संचालनको लागि आवश्यक तयारी गरिएको थियो ।

**(ख) बहिर्गमन अभिमत संचालन**

समन्वय तथा सहजीकरणको जिम्बेवारी पाए पश्चात् मानवअधिकार तथा सामाजिक न्याय संयोजन केन्द्र (हुसोक) रामेछापले मन्थली नगरपालिका बाट प्रत्यक्ष सेवा तथा सुविधा लिएर कार्यालयबाट बाहिरिएका ५० जना सेवाग्राहीहरु सँग बहिर्गमन अभिमत संकलन गरेको थियो । हुसोक रामेछापकी प्रतिनिधि श्री संझना कार्कीले २०७३ फागुन १७ देखि २२ गतेसम्म मन्थली नगरपालिकाको कार्यालयबाट प्रत्यक्ष सेवा लिएर फर्केका ५० जना सेवाग्राहीहरु सँग बहिर्गमन अभिमत भराउनु भएको थियो । जसमा १९ जना महिला र ३१ जना पुरुषहरुले आफूलाई नगरपालिकाको कार्यालय प्रति लागेको सेवा प्रतिको धारणा राख्नु भएको थियो । बहिर्गमन अभिमतको नतिजा सार्वजनिक सुनुवाईमा प्रस्तुती गरिएको थियो भने राम्रा र सेवा सुधारको लागि नागरिकहरुबाट प्राप्त सुझावहरु समेत प्रस्तुतीकरण गरिएको थियो । विस्तृत विवरण **अनुसूची** मा राखिएको छ ।

**(ग) प्रचारप्रसार**

मानवअधिकार तथा सामाजिक न्याय संयोजन केन्द्र (हुसोक) रामेछाप र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को समन्वय एवं सहजीकरण तथा मन्थली नगरपालिकाले आयोजना गरेको सार्वजनिक सनुवाईमा नागरिकहरुको सहभागीता बृद्धिको लागि मन्थली नगरपालिकाको कार्यालय, बजार क्षेत्र तथा नगरपालिकाको १३ र १४ वडाहरुमा पम्प्लेट टाँस गरिएको थियो । त्यसैगरि नगरपालिकाको विभिन्न गाउँहरुमा पर्चा वितरण गरिएको थियो । स्थानीय राजनैतिक दलका अलवा वडा संयोजकहरु,विद्यालय, स्वास्थ्य संस्था, विभिन्न समूह तथा व्यक्तिहरुलाई समेत पत्रचार र खवर गर्ने कार्य गरिएको थियो । त्यसैगरि कार्यक्रम संचालन गर्ने मिति, स्थान र समय उल्लेख गरी जिल्लाको रेडियो तीनलाल एफ्एम् ८८.६ मेगाहर्जबाट ७ दिन अगाडिबाट सूचना प्रशारण गरेको थियो ।

**(घ) नतिजा बिश्लेषण तथा छलफल**

हुसोक रामेछापकी प्रतिनिधि श्री संझना कार्की मार्फत मन्थली नगरपालिकाको कार्यालयबाट प्रत्यक्ष सेवा लिएर फर्किएका ५० जना सेवाग्राहीहरु सँग गरिएको बहिर्गमन अभिमतको नतिजा मानवअधिकार तथा सामाजिक न्याय संयोजन केन्द्र (हुसोक) रामेछापका सचिव श्री उमङ्ग मैनाली र सर्वेक्षक श्री संझना कार्कीले विश्लेषण गर्नु भएको थियो । सवैलाई १०० प्रतिशतमा आधार मानि विश्लेषण गरिएको नतिजाको विषयमा सार्वजनिक सुनुवाई पूर्व नगरपालिकाका कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटासँग छलफल गरिएको थियो । नतिजाको प्रस्तुतीका क्रममा नागरिकहरुबाट आएका सकरात्मक पक्षहरु तथा सेवा सुधारको लागि प्राप्त सुझावहरु प्रस्तुती गरिएको थियो । नतिजाको प्रस्तुतीका कारण सार्वजनिक सुनुवाईमा जवाफदेहि वक्ताहरुलाई सहज भएको थियो ।

## *कार्यान्वयन चरण*

मानवअधिकार तथा सामाजिक न्याय संयोजन केन्द्र (हुसोक) रामेछाप र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को समन्वय एवं सहजीकरण तथा मन्थली नगरपालिकाले आयोजनामा संचालन गरिएको सार्वजनिक सुनुवाईमा सहभागीहरुको उपस्थिति सँगै सुरु गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेही वक्ताहरु, र अतिथिहरुको परिचय गराउँदै आसन ग्रहण गराइएको थियो । त्यस्तै निमन्त्रणा स्वीकार गरेर उपस्थित विभिन्न सरकारी तथा गैरसरकारी संस्थाका प्रमुख एवं प्रतिनिधिहरु, बुद्धिजीवि,समाजसेवी, नागरिक सचेतना केन्द्र तथा वडा नागरिक मञ्चका प्रतिनिधि लगायतका कार्यक्रममा उपस्थित सबैलाई आशन ग्रहण गराइएको थियो ।

मानवअधिकार तथा सामाजिक न्याय संयोजन केन्द्र (हुसोक) रामेछापका सचिव श्री उमङ्ग मैनालीले सार्वजनिक सुनुवाईको बारेमा जानकारी गराउँदै बजेट, आचार संहिता प्रस्तुत गर्नु भएको थियो । त्यसपछि कार्यक्रमको उद्देश्यवारे अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का जिल्ला प्रतिनिधि श्री नवराज पथिकले जानकारी गराउनु भएको थियो । सार्वजनिक सुनुवाईमा मन्थली नगरपालिकाका कार्यकारी प्रमुख श्री पुरुषोत्तम सापकोटाले नगरपालिकाबाट भएका उल्लेख्य कामहरु, सामाजिक सुरक्षा भत्ताको अवस्था तथा योजना कार्यान्वयन सँग सम्बन्धित विषयहरुका साथै गाविसले भोग्नु परेको समस्याको वारेमा जानकारी गराउनु भएको थियो । त्यसपछि सहजकर्ताले मन्थली नगरपालिकामा सार्वजनिक सुनुवाईपूर्व ५० जना सँग संचालन गरिएको बहिर्गमन अभिमतको नतिजा प्रस्तुत गर्नुभएको थियो । त्यसपछि प्रश्नोत्तर गराइएको थियो । कार्यक्रममा उठेका सवालहरुको आधारमा तयार गरिएको २ बुँदे प्रतिवद्धतामा हस्ताक्षर पश्चात् सार्वजनिक सुनुवाई सबैलाई धन्यवाद दिँदै मन्थली नगरपालिकाका कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटाले समापन गर्नु भएको थियो ।

**९) कार्यक्रममा भएका सवाल जवाफहरु**

कार्यक्रम अवधिभर लिखित र मौखिक **जम्मा ३२ वटा प्रश्नहरु** आएका थिए । जसमध्ये केही प्रश्नहरुको विषयमा आधारित भएर २ बुँदे सार्वजनिक प्रतिवद्धता समेत भएका थिए । सार्वजनिक सुनुवाईमा **महिलाबाट २ वटा प्रश्न आई २ वटा तत्कालै समाधान** भएको थियो भने दलित समुदायबाट १ वटा प्रश्न आई **तत्कालै समाधान** भएको थियो । सार्वजनिक सुनुवाइमा मुख्य रुपमा आएका प्रश्नहरु र तिनका उत्तरहरु निम्नाअनुसार रहेका छन् :

| क्र.स | प्रश्नकर्ताको नाम र ठेगना | प्रश्नहरु | जवाफदेहि वक्ता | जवाफ |
|---|---|---|---|---|
| १ | भगवती प्रसाई मन्थली-१३ | मेरो १६ रोपनी जग्गा सडक निर्माणको कारण खहरे पसेर क्षति पुग्यो । मेरो कसैले सुनुवाई गरेन । अव मैले कसरी न्याय पाउन सक्छु ? | कार्यकारी अधिकृत | मलाई पहिलो पटक उक्त विषयमा जानकारी भयो । अगाडि कता उजुरी दिनु भयो । नगरपालिकामा मलाई भेटेर निवेदन दिनुहोला । म आफै उक्त कार्य के भएको हो लागी पर्नेछु । |
| २ | खड्ग बहादुर आले मन्थली-२ | सार्वजनिक सुनुवाई सबै नपाका वडाहरु समेटेर गर्न सके प्रभावकारी हुने थियो । | कार्यकारी अधिकृत | हरेक चौमासिकमा सार्वजनिक सुनुवाई फरक फरक स्थानमा संचालन गर्ने गरेका छौं । हामी क्रमश नपाका सबै स्थानहरुमा जान्छौं । |
| ३. | खड्ग बहादुर आले मन्थली-२ | मन्थलीको रामनारायण चोकमा बनेका घरहरु कसैको तत्कालै भत्कीयो कसैको अहिले सम्म पनि भत्काउन सकेको छैन । नपाको लागि सबै नागरिक समान होइन र ? | कार्यकारी अधिकृत | मन्थलीको रामनारायण चोकमा बनेका घरहरु भत्काउन सबैलाई भनिएको हो । विभेद गरिएको छैन । ट्राफिक प्रहरीलाई दिनुपर्ने जग्गाको घर छिटो भत्कीएको हो । क्रमश औइलानी जग्गाको सबै घर नगरपालिकाले भत्काउँछ । |
| ४. | जब्बर बहादुर बादी मन्थली-१३ | मन्थली १३ मा रहेको बादीगाउँमा न सडक छ, न खानेपानी । एक गाग्री पानीको लागि कोसी आउनु पर्ने अवस्था रहेको छ । यो कुराको कसले सुनुवाई गर्छ? | कार्यकारी अधिकृत | खनखने-बादीगाउँमा सडक र पानीको लागि के गर्न सकिन्छ, बुझी आवश्यक प्रयत्न गर्नेछौं । वडा भेलाबाट योजना छनौट गर्दा पनि यहाँहरु लागी पर्नुपर्ने अवस्था छ । |

| | | | | |
|---|---|---|---|---|
| ५. | बल बहादुर तामाङ मन्थली-१४ | भूकम्पको राहत कसैले पाए, धेरैले गुनासो पनि भरेका थिए । के हुँदैछ गुनासाको काम ? | कार्यकारी अधिकृत | नगरपालिकामा १ हजार भन्दा बढी गुनासाहरु आएका थिए । थोरै मात्र फछ्र्यौट भएको छ । सर्बदलिय बैठकले गुनासा माथि गुनासो थपेर पठाएको छ । बास्तविक पीडितलाई राहत दिलाउन नगरपालिका लागि रहेको छ । |
| ६. | बल बहादुर तामाङ मन्थली-१४ | नगरपालिकाको तिरो कसरी हो ? १ रोपनी र ८ रोपनीको २०० लिइन्छ । किन यसो भएको हो ? | कार्यकारी अधिकृत | एकिकृत सम्पत्ती करमा १० लाख सम्मको एउटै दर थियो । तर हामीले अझै सहजताको लागि श्रेणी छुट्याएका छौँ । मूल्याँकनको आधारमा कर तिर्नुपर्ने हुन्छ । थोरै सम्पत्ती थोरै कर धेरै सम्पत्ती धेरै कर तिर्नुपर्ने हुन्छ । |
| ७ | निर्माण माझी मन्थली-१३ | इन्जिनीयरले ३-३ महिनामा नियम फेर्दा घर निर्माण गर्न नसकिने भइयो ? | कार्यकारी अधिकृत | यो हाम्रो नियन्त्रणमा छैन । पून : निर्माण प्राधिकरणको आफ्नै कार्यविधि छ । सोही अनुसार हुन्छ । कार्यविधि पालना गर्नुको विकल्प छैन । |
| ८ | मुकुन्द प्रसाई मन्थली-१३ | मन्थली-गाल्पा सडकको धुलोले बसी साध्य नै भएन । धुलोका कारण अव त विद्यालय पनि सार्नु पर्ने अवस्था भइसक्यो । | कार्यकारी अधिकृत | यो समस्याको समाधान सजिलो छैन । प्राकृतिक रुपमा पनि उक्त कार्य जटिल छ । सुख्खा भएको कारण नियन्त्रणमा समस्या भएको हो । |
| ९. | मुकुन्द प्रसाई मन्थली-१३ | घर बनाउन तालिम दिएका मानिसहरु ब्यवसायीक नहुँदा घर निर्माणमा समस्या भयो ? | कार्यकारी अधिकृत | अव छनोट गर्दा वडा नागरिक मञ्चको सहभाागीतामा छनौट गरी तालिमको ब्यवस्था गर्नुपर्छ । यसमा यहाँहरुको पनि सहयोग आवश्यक छ । |
| १० | राम कुमार श्रेष्ठ मन्थली-१३ | मुख्य सडकबाट भित्री सडकमा जान कत्रो सडक चाहिन्छ ? | कार्यकारी अधिकृत | नगरपालिकाले ४ मिटर बाटो नभइ पास गर्दैन । |
| ११ | भुवनहरि प्रसाई मन्थली-१३ | सामाजिक सुरक्षा भत्ता लिने ब्यक्ति बैंक जान नसक्ने भएको हुँदा हातमा नै पैशा दिने ब्यवस्था मिलाउनु पर्‍यो ? | कार्यकारी अधिकृत | बैंक मार्फत भुक्तानी नदिए कोलेनीकाले निकासा नै दिँदैन । यो हाम्रो बाध्यता हो । हामी यहाँले भन्नु भएको समस्यालाई मनन गर्दै के गर्न सकिन्छ प्रयत्न गर्नेछौँ । |
| १२ | कृष्ण गोले मन्थली-१४ | नगर शिक्षा समिति कहिले बन्छ ? | कार्यकारी अधिकृत | शिक्षा ऐनमा नगर शिक्षा समितिको ब्यवस्था छैन । गठन गर्न प्रयत्न गरेको हो तर ऐनमा नभएको हुँदा समस्या भएको छ । |
| १३ | कृष्ण गोले मन्थली-१४ | साविकको भटौली गाविसको माथिल्लो क्षेत्रमा अहिले पनि बिजुलीबत्ती छैन । विद्युतीकरणको सुरु भएको | कार्यकारी अधिकृत | मन्थली नपाको उक्त क्षेत्र बाहेक सबै स्थानहरुमा बिजुली बत्ती छ । बिद्युतीकरणको लागि नपाले २८ लाख दिएको छ । ४० लाखको काम भएको |

| | | | | |
|---|---|---|---|---|
| | | काम कहिले सकिन्छ ? कहिले सम्म विद्युतीकरण भइसक्छ ? | | जानकारी पाएका छौं । केही समस्या भए ल्याउनु होला । छिट्टै नगरपालिकाका सम्पूर्ण वडाहरुमा विद्युतीकरण गर्ने लक्ष्य नगरपालिकाले लिएको छ । |
| १४ | राम कुमार श्रेष्ठ मन्थली-१३ | मन्थली नपाको वडा नं १३ कहिले खुल्ला दिसामुक्त हुन्छ ? | कार्यकारी अधिकृत | असारसम्म मन्थली नपाका सम्पूर्ण वडाहरुमा सौचालय निर्माण गरि सक्नुपर्ने हुन्छ । सौचालयका लागि आवश्यक पाइप, सिमेन्ट,पेन तामाकोसी सेवा समितिबाट निःशुल्क लिन सकिन्छ । असारपछि मन्थली नगरपालिकालाई खुल्ला दिसामुक्त गाविस घोषणा गर्छौं । |
| १५ | जब्बर बादी मन्थली-१३ | घर निर्माणको लागि नक्सा पास गर्न कति तिर्नु पर्दछ ? | कार्यकारी अधिकृत | फोटोकपी लगाएत अन्य शुल्क वापत नपाले रु ५००। लिने गरेको छ । अन्य केही तिर्नु पर्दैन । हामी २ प्रति कागज बनाई लाभग्राहीलाई दिनेछौं । |
| १६ | सीता श्रेष्ठ मन्थली-१३ | कति वर्षमा घर बनाई सक्नु पर्ने हुन्छ ? | कार्यकारी अधिकृत | मापडण्ड लागू भएको २ वर्षभित्र नीजि आवास निर्माण गरिसक्नु पर्ने हुन्छ । |
| १७ | दिलमाया श्रेष्ठ मन्थली-१३ | भूकम्प प्रतिरोधि घर बनाउन कति जग्गा आवश्यक पर्दछ ? | कार्यकारी अधिकृत | पक्कीघरको लागि कम्तीमा २.५ आना अनिवार्य हुनु पर्दछ । अन्यको हकमा खासै हेरेका छैनौं । |
| १८ | जन्तरी श्रेष्ठ मन्थली-१३ | अव्यवस्थित तरिकाबाट पालिएका सुँगुर,बँगुर व्यवस्थापनको लागि उचित नियम बनाउनु पर्‍यो ? | कार्यकारी अधिकृत | यो नागरिकको सभ्यता भित्र पर्ने कुरा हो । हामीले त नियन्त्रमा राखेर पाल्नुहोस मात्र भन्न सक्छौं । व्यवस्थित नभएमा कारवाही स्वरुप सुँगुर समातेर लैजान्छौं । |
| १९ | विष्णु प्र.प्रसाईं मन्थली-१३ | नपाको वडा नं १३ स्थित मुगिटारको वस्ति भित्र बाटोको प्रबन्धको लागि नपाको योजना के छ ? | कार्यकारी अधिकृत | हामी विकासको लागि प्रयत्न छौं । योजना वडा भेलाबाट ल्याउनु होस् । सबै लागि परौं निर्माण गर्न सकिन्छ । |
| २० | दिल बहादुर तामाङ मन्थली-२ | सार्वजनिक जग्गामा बस्ने सबैलाई समान व्यवहार गर्नुपर्‍यो । कसैलाई उठायो कसैलाई उठाएको छैन ? | कार्यकारी अधिकृत | ट्राफिकलाई जग्गा दिएकाले कसैलाई छिटो उठाउनु परेको हो । सबैलाई उठाइन्छ । सबैलाई समान व्यवहार हुन्छ । |

**१०) सार्वजनिक प्रतिवद्धता**

सार्वजनिक सुनुवाईको प्रश्नउत्तर सकिएपछि सहभागिहरुबाट आएको गुनासोको आधारमा सेवालाई थप गुणस्तरिय बनाउन २ बुँदे सार्वजनिक प्रतिवद्धता गरिएको थियो ।

**प्रतिवद्धता नं १** : मन्थली नगरपालिका क्षेत्र भित्र वडा नं १४ मा हाल सम्म बिजुली बल्न नसकेको कुरालाई मध्यनजर गर्दै यथाशक्य चाँडो बिजुली बाल्न थप पहल गर्न हामी सबै प्रतिबद्धता ब्यक्त गर्दछौं ।

**प्रतिवद्धता नं २ :** पून निर्माण सँग सम्बन्धित उठेका विभिन्न कुराहरुको अवस्थालाई मध्यनजर गर्दै घर निर्माणका लागि डकर्मी तालिम सबैको समन्वयमा संचालन गर्न प्रतिवद्धता व्यक्त गर्दछौं ।

**प्रतिवद्धतामा हस्ताक्षर गर्नेहरु**

- मन्थली नगरपालिकाका कार्यकारी अधिकृत **श्री पुरुषोत्तम सापकोटा**
- नेपाली काँग्रेस नगर कार्यसमिति मन्थलीका सभापति **श्री केशव रोका**
- नेकपा एमाले नगर कमिटि मन्थलीका अध्यक्ष **श्री ध्रुब कुमार कार्की**
- नेकपा माओवादी केन्द्र नगर संगठन समिति मन्थलीका संयोजक **श्री दिपकराज प्रसाई**
- राप्रपा नगर कार्य समिति मन्थलीका प्रतिनिधि **श्रीबंश शर्मा कँडेल**
- नेकपा क्रान्तिकारी माओवादी नगर संगठन समिति मन्थलीका सदस्य **श्री छत्र बहादुर ढुंगेल**

## ११.कार्यक्रमको सबल पक्षहरु

- सार्वजनिक सुनुवाई कार्यक्रम सुशासन ऐन, नियमावली तथा कार्यविधिमा व्यवस्था भए अनुसार दोस्रो चौमासिक अवधिको सेवा प्रबाहको अवस्थाबारे जानकारी गराउनका लागि आयोजना गरिएको थियो ।
- सार्वजनिक सुनुवाई कार्यक्रममा आम नागरिकहरुको व्यापक सहभागिता तथा दोहोरो सम्बाद प्रभावकारीताको लागि कार्यक्रमकोबारे प्रचार प्रचार स्थानीय रेडियो मार्फत गरिएको थियो ।
- नगर स्तरीय राजनैतिक दल तथा दलका प्रतिनिधिहरुलाई समेत आमन्त्रण गरिएको थियो ।
- सार्वजनिक सुनुवाई कार्यक्रमको नेपाल पत्रकार महासंघलाई समेत आमन्त्रण गरिएको थियो ।
- कार्यक्रमको सुरुवातमा आचारसंहिता अनुमोदन गरी कार्यक्रम संचालन गराईएको थियो भने जबाफदेहिबक्ताहरुबाट दोस्रो चौमासिक अवधिमा सम्पन्न गतिविधि, प्रवाहित सेवा तथा प्राप्त उपलब्धि एवं समस्याहरुको विषयमा समेत प्रस्तुत गरिएको थियो ।
- सहभागीहरुबाट उठान गरिएका विभिन्न सवालहरु तथा सुझाबहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ दिईएको थियो भने सहजकर्ताले थप प्रष्ट पार्नका लागि प्रभावकारी रुपमा सहजिकरण गर्नु भएको थियो ।
- स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।
- कार्यक्रममा ठूला पोष्टर तथा पर्चा टाँस एवं वितरण गरिएको ।
- सेवाग्राहीहरुबाट सन्तुष्टी मापन गर्न नागरिक अभिमतको प्रयोग गरिएको ।
- नागरिकहरबाट बहिर्गमन अभिमत संकलन गरी नतिजा सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएको थियो ।
- कार्यक्रममा लक्षित वर्गको लक्षित वर्गको अर्थपूर्ण सहभागिताका साथै लक्षित वर्गबाटै सवालहरुको उठान गर्नका लागि स्थानीय सामाजिक परिचालक तथा वडा सचिवहरुको माध्यमबाट नागरिक सचेतना केन्द्र, वडा नागरिक मञ्च, अन्य समूह तथा समितिका सदस्यहरुको उपस्थितीलाई जोड दिइएको ।

## १२. सुधार गर्नुपर्ने पक्षहरु

- सुशासन ऐनको उपदफा ५.४ र ५.६ मा स्थानीय निकायले सार्वजनिक सुनुवाई गर्नु १५ दिन अगाबै नागरिकहरुको सेवा सन्तुष्टि सर्वेक्षण गर्नका लागि नागरिक प्रतिवेदन पत्र (Citizen Report Card-CRC) जस्ता औजारहरुको प्रयोग गरी अभिमत संकलन गरी सार्वजनिक सुनुवाई कार्यक्रममा सार्वजनिक गरी छलफलको विषयबस्तु बनाउनु पर्ने व्यवस्था भएकाले आगामी कार्यक्रममा यस्ता विधिहरुको

अवलम्बन गर्न सके सार्वजनिक सुनुवाई कार्यक्रम कार्यविधि अनुसार संचालन भई सार्वजनिक सुनुवाईको प्रभावकारिता बढ्नेछ ।

❖ कार्यक्रम आयोजना गर्नु अगावै स्थानीय रेडियोबाट व्यापक प्रचार प्रसार तथा कार्यक्रमको प्रत्यक्ष प्रसार गर्न सकेको भए कार्यक्रममा उपस्थित सहभागी बाहेक कार्यक्रम स्थलमा उपस्थित हुन नसकेका अन्य जिल्लाबासीहरुले समेत कार्यक्रम सुन्न सक्ने हुंदा आगामी कार्यक्रममा प्रत्यक्ष प्रसार गरेको खण्डमा आम नागरिकरुको प्रत्यक्ष एवं अप्रत्यक्ष सहभागिता बढ्नेछ र नागरिकहरु कार्यक्रम र कार्यक्रममा भएका छलफल बारे जानकार हुनेछन् ।
❖ विषयगत कार्यालयका जिम्वेवार प्रतिनिधिलाई नै उपस्थितिको लागि आवश्यक पहल गर्नुपर्ने ।

**१३.समस्याहरु**

❖ धुलोका कारण कार्यक्रमलाई व्यवस्थित गर्न नसकेको ।
❖ कार्यक्रममा विषयगत कार्यालयका जिम्मेवार सबै वक्ताको सहभागीता नहुनु ।
❖ नागरिक प्रतिवेदन पत्र संचालन गर्न नसक्नु ।
❖ खाजा ब्यवस्थापनमा समस्या ।

**१४.निष्कर्ष**

मन्थली नगरपालिकाको कार्यालयको आयोजना तथा मानवअधिकार तथा सामाजिक न्याय संयोजन केन्द्र (हुसोक) रामेछाप र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को समन्वय तथा सहजीकरणमा मन्थली नगरपालिकाको वडा नं १३ को ठेडिखोलमा सम्पन्न सो कार्यक्रममा स्थानीय नागरिकहरु एवं नगर स्तरका राजनैतिक दलका प्रतिनिधिहरुको सहभागीता रहेको थियो । सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी सर्वसाधारणहरुले प्रश्नहरु राखी तत्काल समाधान पाएका थिए । नगरपालिकामा क्रियाशिल राजनीतिक दलहरुलाई श्रोत व्यक्तिको रुपमा आमन्त्रण गरिएकाले कार्यक्रमलाई थप निष्कर्षमा पुऱ्याउन महत्वपूर्ण सहयोग पुगेको थियो । कार्यक्रममा रहेका अधिकांश वक्ताहरुले कार्यक्रम निरन्तरताको कामना गरेका थिए । अधिकांश वक्ताहरुले क्षेत्रगत रुपमा यस्तो हाकाहाकी प्रश्नउत्तर गर्न पाईने सार्वजनिक सुनुवाइ जस्तो कार्यक्रम संचालन हुँदा उपलब्धिमूलक भएको विचार व्यक्त गरेका थिए ।

राज्यले सरकारी क्षेत्रमा लगानी गर्ने तर राम्रो प्रतिफल नआइरहेको सन्दर्भमा विकास निर्माणमा समेत अपनत्वको भाव पैदा गर्न सार्वजनिक सुनुवाइले सजिलो बनाउने बताएका थिए । ५० जना सेवाग्राहीहरु बाट बहिर्गमन अभिमत सर्वेक्षण तथा उपस्थितिहरुसँग नागरिक अभिमत संकलन गरी प्राप्त राम्रा र सुधार गर्नुपर्ने पक्षहरु समेटेर नतिजा सरोकारवालाहरुलाई जानकारी गराए बाट पनि सार्वजनिक सुनुवाई प्रभावकारीता झन् बढेको देखिन्छ । सबैलाई धन्यवाद दिँदै मन्थली नगरपालिकाका कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटाले कार्यक्रमको समापन गर्नु भएको थियो ।

**प्रतिवेदक**
सृजना कार्की
कोषाध्यक्ष, मानवअधिकार तथा सामाजिक न्याय संयोजन केन्द्र (हुसोक) रामेछाप

अनुसुची-१

तस्वीरमा सार्वजनिक सुनुवाई




सार्वजनिक सुनुवाईमा स्वागत सहित उद्देश्यको बारेमा जानकारी गराउन् हुँदै इन्सेक प्रतिनिधि श्री नवराज पथिक



सार्वजनिक सुनुवाईमा प्रश्न गर्दै एक दलित



सार्वजनिक सुनुवाईमा प्रश्न गर्दै एक महिला



सार्वजनिक सुनुवाईमा मन्तब्य राख्नु हुँदै पत्रकार महासंघका अध्यक्ष श्री रमेश ढुंगेल



सार्वजनिक सुनुवाईमा प्रश्न गर्दै एक सहभागी




सार्वजनिक सुनुवाईमा उत्तर दिनु हुँदै मन्थली नपाका कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटा

अनुसुची-२

**बहिर्गमन अभिमत**

(Exit Poll)

**संक्षिप्त प्रतिवेदन**

मन्थली नपा

**२३ फागुन, २०७३**

| **संचालन गरिएको अवधि** | | **देखि** | फागुन १७ | **सम्म** | फागुन २२ |
|---|---|---|---|---|---|
| **जम्मा सेवाग्राही** | ५० जना | **महिला** | १९ जना | **पुरुष** | ३१ जना |

१) कार्यालयमा देहायका कुन कामको लागि आउनु भएको हो ?

| **शीर्षक** | **अंक** | **प्रतिशत** | **कैफिएत** |
|---|---|---|---|
| सिफारिस लिन/पुऱ्याउन | १९ | ३८ | |
| दर्ता/नविकरण | ० | ० | |
| आर्थिक सहयोग लिन | ५ | १० | |
| योजना माग गर्न | १ | २ | |
| योजनाको किस्ता लिन | ० | ० | |
| योजनाको मूल्यांकन गराउन | १ | २ | |
| योजनाको अन्तिम भुक्तानी लिन | २ | ४ | |
| स्थानीय निकायले राखेको सूचना प्राप्त गर्न | १ | २ | |
| सूचनामूलक सामग्री प्राप्त गर्न | ० | ० | |
| अन्य कुनै भए (तिरो तिर्न,प्राविधिक सहायता) | २१ | ४२ | |
| **जम्मा** | ५० | १०० | |

२. नागरिकहरुबाट प्राप्त अभिमत

| **सि.नं.** | **सेवाको नाम** | **मूल्यांकन-उपयुक्त कोष्ठमा रेजा ( ) लगाउने** | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | सेवा लिंदा कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट | | ठीकै | | अस्पष्ट | |
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | ११ | २२ | ३३ | ६६ | ६ | १२ |
| २ | सेवा प्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझेजस्तो लाग्यो ? | अति धेरै | | ठीकै | | थोरै | |
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | १५ | ३० | ३३ | ६६ | २ | ४ |
| ३ | तपाईप्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण | | ठीकै | | अभद्र/अमर्यादित | |
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | ३३ | ६६ | १७ | ३४ | ० | ० |
| ४ | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण-कागजात र शुल्क-दस्तुर) बारे | अति स्पष्ट गरिदिए | | ठीकै | | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | अंक | प्रतिशत | अंक | प्रतिशत | अंक | प्रतिशत |
| | | २३ | ४६ | २५ | ५० | २ | ४ |
| ५ | तपाईले राख्नुभएको समस्यालाई के कस्तो समाधार दिए ? | अति सजिलो तरिबाट समाधान दिए | | ठीकै | | समाधार दिन सकेनन् | |
| | | अंक | प्रतिशत | अंक | प्रतिशत | अंक | प्रतिशत |
| | | ३० | ६० | १९ | ३८ | १ | २ |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के कस्तो लाग्यो ? | अति सजिलो | | ठीकै | | लामो र झन्झटिलो | |
| | | अंक | प्रतिशत | अंक | प्रतिशत | अंक | प्रतिशत |
| | | २३ | ४६ | २१ | ४२ | ६ | १२ |

**३. नागरिकहरुबाट प्राप्त सकरात्मक पक्षहरु**

- ❖ कर्मचारीहरु मिलनसार रहेका ।
- ❖ कर्मचारीहरु समयमा नै कार्यालय उपस्थित हुने गरेका ।
- ❖ छोटो समयमा काम सम्पन्न हुने गरेको ।
- ❖ सेवाग्राहीको आवश्यकता र अपेक्षा धेरै नै बुझिदिने ।
- ❖ सेवाग्राहीलाई आवश्यक जानकारी स्पष्ट गरि भनिदिने ।
- ❖ नियमबमोजिम काम गरिदिने ।

**४. नागरिकहरुबाट प्राप्त सुधार गर्नुपर्ने पक्षहरु**

- ❖ कार्यालय सडक छेउमा हुनाले धुवाधुलोको समस्या तथा ध्वनी प्रदुषण भएका कारण यसको नियन्त्रण हुनुपर्ने ।
- ❖ भिडभाड व्यवस्थापन गर्नुपर्ने ।
- ❖ कर्मचारी थप र कामको बाँडफाँड हुनुपर्ने ।
- ❖ कार्यालयमा पार्किङको व्यवस्था हुनुपर्ने ।
- ❖ अनुगमन समितीले छिटो अनुगमन गर्नुपर्ने ।
- ❖ इन्जिनियरहरु बेलाबेलामा घर बनाएको ठाउँमा गएर हेर्नुपर्ने ।

**समाप्त**

**अनुसुची-३**

सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन तालिका

**नगर क्षेत्रमा संचालित विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक**

**सार्वजनिक सुनुवाइ** कार्यक्रम

- मन्थली नगरपालिकाको काम कारबाही,सेवा प्रबाह,योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच अन्तरक्रिया गराउने ।
- सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।

*आयोजक*

- *मन्थली नगरपालिकाको कार्यालय मन्थली*

सहजीकरण

- मानवअधिकार तथा सामाजिक न्याय संयोजन केन्द्र (हुसोक) रामेछाप
- अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कार्यक्रम

- मिति : २०७३ फागुन २३ गते सोमवार
- मन्थली -१३, ठेडिखोला
- समय : विहान ११.३० वजेदेखि

(पहिलो सत्र-परिचय खण्ड)

१. संचालन :- उमङ्ग मैनाली

**२.जवाफदेही वक्ताहरु**

- मन्थली नगरपालिकाका कार्यकारी अधिकृत **श्री पुरुषोत्तम सापकोटा**
- वडा सचिव वडा नं १३ र १४ का **श्री श्याम किशोर शाह**
- पून निर्माण प्राधिकरणका इन्जिनीयर **श्री ज्ञान प्रसाद उपाध्याय**

**३.स्रोतव्यक्ति तथा अतिथिहरु**

- नेपाली काँग्रेस नगर कार्यसमिति मन्थलीका सभापति **श्री केशव रोका**
- नेकपा एमाले नगर कमिटि मन्थलीका अध्यक्ष **श्री धुब कुमार कार्की**
- नेकपा माओवादी केन्द्र नगर संगठन समिति मन्थलीका संयोजक **श्री दिपकराज प्रसाई**
- राप्रपा नगर कार्य समिति मन्थलीका प्रतिनिधि **श्रीबंश शर्मा कँडेल**
- नेकपा क्रान्तिकारी माओवादी नगर संगठन समिति मन्थलीका सदस्य **श्री छत्र बहादुर ढुंगेल**
- नयाँ शक्ति नेपाल नगर संगठन समिति मन्थलीका प्रतिनिधि **श्री ललित गाले**

**४.अतिथि**

- नेपाल पत्रकार महासंघ जिल्ला शाखा रामेछापका अध्यक्ष **श्री रमेश ढुंगेल**
- अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का जिल्ला प्रतिनिधि **श्री नबराज पथिक**
- मन्थली नगरपालिकाका प्राविधिक **श्री फणिन्द्र वि.क**

❖ निमन्त्रणा स्वीकार गरेर उपस्थित सबै सरकारी कार्यालयका प्रमुखहरु,विभिन्न गैर सरकारी संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगाएत संचार संस्थाका प्रतिनिधिहरु,बुद्धिजिवी,समाजसेवी, राजनैतिक दलका प्रतिनिधिहरु, नासके तथा वडा नागरिक मञ्चका प्रतिनिधि लगाएत कार्यक्रममा उपस्थित सबैलाई **यथास्थानमा तालीको आसन ग्रहणको** लागि अनुरोध ।

४.कार्यक्रममा स्वागत सहित कार्यक्रमको उद्देश्य :- *श्री नवराज पथिक* (इन्सेक प्रतिनिधि)

५.कार्यक्रमको बजेट :-संचालक
६.आचार संहिता प्रस्तुत (कार्यक्रमभर लागू हुने गरी) :-संचालक

**७.जवाफदेही वक्ताहरुलाई**

- ❖ चालु आवको पहिलो चौमासिकमा प्राप्त बजेटको अख्तियारी
- ❖ नगर भित्र कार्यक्रम कार्यान्वयनको अवस्था
- ❖ प्राप्त उपलब्धी र समस्याहरुको बारेमा जानकारी गराउने ............(५ मिनेट)

( **बहिर्गमन अभिमतको नतिजा सार्वजनिकीकरण**

**(दोस्रो सत्र -प्रश्नोत्तर खण्ड)**

८.प्रश्नोत्तर गराउने
९.अभिमतको नतिजा सार्वजनिक
१०. कार्यक्रमप्रति प्रतिक्रिया : **सबै राजनैतिक दलका प्रतिनिधिहरु**
११.प्रतिबद्धता तयारी तथा हस्ताक्षर

**चिया, खाजा**

**समाप्त**

## अनुसुची-४
छापामा सार्वजनिक सुनुवाई

आजको रामेछाप राष्ट्रिय दैनिक २०७३ फाल्गुण २४ गते मंगलबार (Tuesday

# मन्थली नगरपालिकाको सार्वजनिक सुनुवाई

आजको रामेछाप

रामेछाप । रामेछाप जिल्लाको मन्थली नगरपालिका वडा नम्बर १३ र १४ मा पुननिर्माणको काम गर नगर पालीकालको कामको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाई कार्यक्रम सोमबार भटौलीमा सम्पन्न भएको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (ईन्सेक) र मानव अधिकार तथा सामाजिक न्याय संयोजन केन्द्रको समन्वयमा मन्थली नगरपालिकाले आयोजना गरेको कार्यक्रममा मन्थली नगरपालिकाका कार्यकारी अधिकृत पुरुषोत्तम सापकोटा जवाफदेही वक्त रहेका थिए । कार्यक्रममा नगरपालिकाले अहिलेसम्म संचालन गरेको कार्यक्रम र भूकम्पपछिको पुननिर्माणको अवस्थाका बारेमा सवाल जवाफ भएको थियो । नगरपालिकाका कार्यकारी प्रमुख सापकोटाले चालु अर्थिक बर्षमा मन्थली नगरपालिकाको १५ करोड बजेट रहेकोमा अहिले सम्म १० करोड ३९ लाख निकासा भएको र २ करोड ७७ लाख खर्च भैसकेको बताए ।

उनले नगरपालिकाले यो आर्थिक बर्षमा गर्ने कार्यक्रम मध्ये ९० प्रतिशत कार्यक्रमहरुको सम्झौता भैसकेको बताए। उनले कार्यक्रम सम्झौताका लागी फागुन १५ गते सम्मका लागि समय तोकिएको भएपनि स्थानीय निकायका कर्मचारीहरुको आन्दोलनका कारण सो कार्य प्रभावित भएको बताए । उनले यो बर्ष मन्थली नगरपालिकाको आन्तरिक राजस्वमा उल्लेख्य बृद्धि भएको बताए । अघिल्लो बर्ष जम्मा १८ लाख आन्तरिक राजस्व संकलन भएकोमा चालु आर्थिक बर्षको हालसम्म ४९ लाख संकलन भएको उनले जानकारी दिए।

उनले मन्थली नगरपालिका भित्र ६ हजार नागरिकले पुननिर्माण सम्झौता गरेको र अहिले पुननिर्माणको काम भैरहेको बताए। पुननिर्माणका लागि दोस्रो किस्ताको रकम पनि निकासा भएपनि अहिलेसम्म कसैले पनि नलिएको उनले बताए।

स्थानीयले पुननिर्माणको क्रममा फरकफरक नीति आएको कारण काम गर्ने असजिलो भएको गुनासो गरेका थिए। साथै सडकमा उड्ने धुलोको कारण आफूहरु आक्रान्त भएको भन्दै त्यसको व्यवस्थापनको लागि स्थानीयले आग्रह गरेका थिए । सार्वजनिक सुनुवाईमा पुननिर्माणको काम सबै संस्था बिच समन्व गरी अघि बढाउने तथा मन्थली नपा १४ मा विद्युत सेवा पुर्‍याउन सबैले प्रयत्न गर्ने २ बुँदे प्रतिवद्धता जारी भएको छ। कार्यक्रममा राजनीनिक दलका प्रतिनिधि समेत सहभागि भएका थिए ।

कार्यक्रमको उद्देश्य बारे इन्सेकका जिल्ला प्रतिनिधि नवराज पथिकले प्रकाश पारेका थिए । कार्यक्रमको सहजिकरण हुसीकका सचिव उमङ्ग मैनालीले गरेका थिए । कार्यक्रममा नेपाल पत्रकार महासंघ रामेछापका अध्यक्ष रमेश ढुंगेलले सार्वजनिक सुनुवाईको महत्वका बारेमा जानकारी गरएका थिए ।

# धोबी बजारमा समुदाय स्तरीय अन्तरक्रीया कार्यक्रम

आजको रामेछाप

रामेछाप । रामेछापको बिजुलिकोट स्थीत धोबी बजारमा समुदाय स्तरीय अन्तरक्रीया कार्यक्रमको सम्पन्न भएको छ । १०७ औ अर्न्तराष्टीय नारी दिवसको अवसरमा गरीवी निवारण कोष रामेछापले सोमबार कार्यक्रमको आयोजना गरेको हो।

सडक नाटक, गीत, कविता …

… प्रतिनिधिको सहभागीता रहेको थियो। कार्यक्रमलाई जिल्ला स्थित गैर-सरकारी संस्थाहरु पहाडी समाज कल्यान केन्द्र दोरम्बा, सिर्जनशिल युवा समाज चिसापानि, जनभावना युवा क्लब टोकरपुर, चारघरे सेवा समिति रामपुर, सामुदायी विकास कार्यक्रम गोल्माटार, नेपाल सेवा समाज लगायतले सहयोग गरेका थिए । कार्यक्रममा गरीबी निवारण कोष …